बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
लुम्बिनी प्रदेश
नेपाल

वैठक संख्या ४

श्री

आज मिति २०८२ साल असोज ०१ गते विहान ९:०० वजे बर्दघाट नगरपालिकाका नगर प्रमुख श्री शम्भुलाल श्रेष्ठज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको वैठकमा उपस्थिति तथा भएका निर्णयहरु यस प्रकार छ ।

## उपस्थिति

| क्र. सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्री शम्भुलाल श्रेष्ठ, प्रमुख | प्रमुख |
| २. | | श्री रुद्र प्रकाश उपाध्याय, उपप्रमुख | उप-प्रमुख |
| ३. | | श्री बाबुराम पौडेल, प्रमुख प्रशासकीय अधिकृत | सचिव |
| ४. | | श्री सन्तबहादुर गाहा, नगर प्रवक्ता | सदस्य |
| ५. | | श्री सन्दिप सापकोटा, वडा अध्यक्ष वडा नं १ | सदस्य |
| ६. | | श्री गणेशवहादुर क्षेत्री, वडा अध्यक्ष वडा नं २ | सदस्य |
| ७. | | श्री प्रकाश चन्द्र अधिकारी, वडा अध्यक्ष वडा नं ३ | सदस्य |
| ८. | | श्री वेधविना तिवारी, वडा अध्यक्ष वडा नं ४ | सदस्य |
| ९. | | श्री विमला गुरुङ्ग, वडा अध्यक्ष वडा नं ५ | सदस्य |
| १०. | | श्री रोहित थारु, वडा अध्यक्ष वडा नं ६ | सदस्य |
| ११. | | श्री ध्रुव थारु, वडा अध्यक्ष वडा नं ७ | सदस्य |
| १२. | | श्री कविराज आचार्य, वडा अध्यक्ष वडा नं ८ | सदस्य |

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
लुम्बिनी प्रदेश
नेपाल

| | | | |
|---|---|---|---|
| १३. | | श्री चन्द्रकान्त चापागाई, वडा अध्यक्ष वडा नं ९ | सदस्य |
| १४. | | श्री राजु मिश्र, वडा अध्यक्ष वडा नं १० | सदस्य |
| १५. | | श्री फणेन्द्र चौधरी, वडा अध्यक्ष वडा नं ११ | सदस्य |
| १६. | | श्री उमाशंकर चौधरी, वडा अध्यक्ष वडा नं १२ | सदस्य |
| १७. | | श्री नरबहादुर चौधरी, वडा अध्यक्ष वडा नं १३ | सदस्य |
| १८. | | श्री रुद्रबहादुर आले, वडा अध्यक्ष वडा नं १५ | सदस्य |
| १९. | | श्री भिमकाजी गुरुङ्ग, वडा अध्यक्ष वडा नं १६ | सदस्य |
| २०. | | श्री मन्जु चालिसे, कार्यपालिका सदस्य | सदस्य |
| २१. | | श्री सुमित्रा ढकाल, कार्यपालिका सदस्य | सदस्य |
| २२. | | श्री रिता ढुँगाना, कार्यपालिका सदस्य | सदस्य |
| २३. | | श्री जानकी न्यौपाने, कार्यपालिका सदस्य | सदस्य |
| २४. | | श्री रिताकुमारी सुनार, कार्यपालिका सदस्य | सदस्य |
| २५. | | श्री प्रेमबहादुर आले, कार्यपालिका सदस्य | सदस्य |
| २६. | | श्री गोविन्द विश्वकर्मा, कार्यपालिका सदस्य | सदस्य |
| २७. | | श्री बुद्धेराम वि.क. , कार्यपालिका सदस्य | सदस्य |
| | | व्यवस्थापन टोली | |
| | | | |

निर्णयहरु

निर्णय नं १:

जेनजीको आन्दोलन र सोको नाममा भएको नगरपालिका नगरकर्यपालिकाको कार्यालय, विभिन्न वडा कार्यालयहरु र जनप्रतिनिधहरुको व्यक्तिगत सम्पत्तिमा भएको क्षतिको समिक्षा गरियो । सोबाट भएको क्षति र आपराधिक कृयाकलापहरु प्रति खेद प्रकट गर्ने निर्णय गरियो ।

निर्णय नं २:

क्षतिग्रस्त नगरपालिका र वडा कार्यालयहरु तथा साविक माक्र गाविस भवनमा रहेको भूमि शाखा लगायतका कार्यालयहरुको मर्मत गर्न तथा तोडफोड भएका जीन्सी सामाग्री खरिद गर्न सार्वजनिक खरिद ऐनमा उल्लेखित विशेष परिस्थितिमा खरिद सम्वन्धि व्यवस्था वमोजिम यथाशिघ्र सम्पन्न गरी सेवा प्रवाहको व्यवस्था मिलाउने । सोका लागि नगरपालिकाको आकस्मिक कोषमा रहेको रकमबाट खर्च गर्ने र नपुग भएमा आगामी हिँउदे नगरसभाबाट आवस्यक बजेट सूनिश्चित गरी कार्य अगाडी वढाउने निर्णय गरियो ।

निर्णय नं ३:

(क) आन्दोलनको क्रममा केही पदाधिकारी र कर्मचारीहरु सक्रिय भएको पाइएको हुँदा निजहरुलाई कारवाही गर्ने सम्वन्धमा प्रत्यक्ष संलग्न देखिएका करारमा कार्यरत कर्मचारीलाई तत्काल सेवाबाट हटाउने । घटनामा संलग्न कर्मचारी तथा जनप्रतिनिधि उपर कारवाही गर्न श्रीमान नगरप्रमुखको संयोजकत्वमा नगरपालिकाका कानुनी सल्लाहकार समेत रहने गरी तपसिल वमोजिमको समिति गठन गरी समितिको प्रतिवेदनको आधारमा कानुन वमोजिम कारवाही गर्ने ।

तपसिल

संयोजक - नगरप्रमुख श्री शम्भुलाल श्रेष्ठ

सदस्य - उप प्रमुख श्री रुद्र प्रकाश उपाध्याय

सदस्य - कानुनी सल्लाहाकार श्री थीरलाल पराजुली

सदस्य - नगर प्रवक्ता श्री सन्तु गाहा मगर

सदस्य - पूर्वाधार समिति संयोजक श्री चन्द्रकान्त चापागाँई

सदस्य - कार्यपालिका सदस्य श्री रीता सुनार

सदस्य सचिव - योजना शाखा प्रमुख श्री पुष्कर काफ्ले

(ख) नगरपालिका र वडाको सार्वजनिक सम्पत्तिमा क्षति पुर्याउने र तोडफोडमा संलग्न हुने उपर आवश्यक छानविन गरी कारवाही गर्न प्रमुख जिल्ला अधिकारी समक्ष निवेदन पेश गर्ने साथै सोका प्रमाण, सिसिटीभि फुटेज, भिडियो उपलव्ध गराउने ।

(ग) नगरपालिका क्षेत्रभित्रका जनप्रतिनिधि तथा अन्य व्यक्तिको सम्पत्तिमा आगजनी, तोडफोड र लुटपाटमा संलग्न व्यक्तिलाई आवश्यक कारवाही गर्न प्रमुख जिल्ला अधिकारी समक्ष सुझाव लेखि पठाउने । सार्वजनिक सम्पत्तिको रक्षा र नागरिकको जनधनको रक्षाको लागि खटीएका सुरक्षाकर्मीबाट सार्वजनिक तथा व्यक्तिगत सम्पत्तिको रक्षाको लागि आवश्यक पहलकदमी नगरेको पाइएकोले निजहरुलाई समेत आफ्नो जिम्मेवारी पुरा नगरेको सम्वन्धमा छानविन गरी कारवाही गर्न जिल्ला प्रशासन कार्यालय तथा जिल्ला प्रहरी कार्यालय तथा सो मार्फत संघीय सरकार समक्ष जोडदार माग गरी पठाउने ।

निर्णय नं ४:

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
लुम्बिनी प्रदेश
नेपाल

जेन्जीको आन्दोलन सम्बन्धमा उठाइएका उचीत मागको सम्बोधनको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने र आन्दोलनको क्रममा वीरगती प्राप्त गर्नेहरु तथा आफ्नो कर्तव्य पालनाको सिलसिलामा ज्यान गुमाएका राष्ट्रसेवक सुरक्षाकर्मी प्रति हार्दिक श्रद्वाञ्जली र परिवारजनमा हार्दिक समवेदना दिने निर्णय गरियो ।

निर्णय नं ५:

यस वर्षको दशैं, तिहार तथा छठ पर्व शुरु हुन गैरहेको सन्दर्भमा जिल्ला प्रशासन कार्यालय घरेलु तथा साना उद्योग कार्यालय समेतको संयूक्त अनुगमन टोली परिचालन गर्ने । नगरपालिका भित्र रहेका व्यावसायीलाई कार्यालय सञ्चालन भएपछी अनिवार्य रुपमा दर्ता हुन १५ दिनको म्याद दिइ सूचना प्रकाशन गर्ने ।